# नवलपुर जिल्ला अदालत,
## कावासोती, नवलपरासी (व.सु.पुर्व)

पत्र. संख्या ०७६/०७७
चलानी नं. २८८९

मिति: २०७६-१०-१५

## सूचना! सूचना!! सूचना!!!

विषयः ***वालमनोविज्ञ वा बाल विशेषज्ञ र समाजसेवीको लागि दरखास्त आह्वान सम्बन्धमा।***

बाल न्याय सम्पादन(कार्यविधि) नियमावली २०७६ अनुसार यस नवलपुर जिल्ला अदालतको वाल इजलासको लागि आवश्यक समाजसेवी तथा वालमनोविज्ञ वा बाल विशेषज्ञको रुपमा प्रचलित कानून बमोजिम सेवा सुविधा पाउने गरी नियुक्ति लिई कार्य गर्न इच्छुक समाजसेवीको लागि उक्त नियमावलीको नियम १३ तथा वालमनोविज्ञ तथा वाल विशेषज्ञको लागि नियम १४ बमोजिमको योग्यता भएका तथा वालबालिका सम्बन्धि ऐन, २०७५ को दफा ६२ बमोजिम सुचिकृत भएका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिनभित्र यस अदालतमा देहाय बमोजिमको योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी र नागरिकताको प्रतिलिपी सहित दरखास्त दिनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचनामा प्रकाशित गरिएको छ ।

क) समाजसेवीः

- मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, वालविकास वा बाल अधिकारको विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाजसेवाका सम्बन्धमा १ (एक) महिनाको तालिम प्राप्त गरेको,
- फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,
- बालबालिका सम्बन्धि २०७५ को दफा ६२ बमोजिम स्थानीय वाल अधिकार समितिमा सुचिकृत भएको ।

ख) बालमनोविज्ञ वा बाल विशेषज्ञको हकमाः

- मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान विषय लिई कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातक तह वा सो सरहको उपाधि प्राप्त गरी वाल अधिकार वा बाल मनोविज्ञानका सम्बन्धमा कम्तीमा २ (दुई) महिनाको तालिम प्राप्त गरेको,
- फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।
- बालबालिका सम्बन्धि २०७५ को दफा ६२ बमोजिम स्थानीय वाल अधिकार समितिमा सुचिकृत भएको ।

श्रेस्तेदार
(उप सचिव)